# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बरः ००३-२०८०/०८१

## कवाडी जन्य सामाग्रीहरुको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।।

(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०३ गते)

चन्द्रकोट गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न प्रकृतिका कवाडी जन्य वस्तुहरुको निकासी गर्ने प्रयोजनका लागि चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन, २०८० मा भएको व्यवस्था बमोजिम गाउँ कार्यपालिकाको मिति २०८०/०४/२८ गतेको सिलबन्दी दरभाउपत्र आह्वान गर्ने सम्बन्धमा भएको निर्णयानुसार इच्छुक व्यवसायी, फर्म वा व्यक्तिले कवाडी सामानहरु उठाउन चाहेमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित शर्तको अधिनमा रहि फर्म दर्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाण-पत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाण-पत्र, व्यवसाय नवीकरण प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न गरि सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

शर्तहरु:

१. सिलबन्दी दरभाउपत्रको निवेदन तोकिएको दस्तुर बुझाई निर्धारित समयभित्र नै दरभाउपत्र खरिद गर्नुपर्नेछ। म्याद नाघेको वा रीत नपुर्‍याई पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

२. दरभाउपत्र खरिद १५ औं दिनभित्र खरिद गर्नुपर्ने छ। दरभाउपत्र पेश १६ औं दिनको दिन दिउँसो १२ बजेभित्र गर्नुपर्नेछ।पेश भएका सिलबन्दी दरभाउपत्र सोही दिनको २ बजे खोलिनेछ।

३. सिलबन्दी दरभाउपत्र स्वीकृत हुने व्यक्ति वा फर्मले स्वीकृत कबोल अंकको ५० (पचास) प्रतिशत रकम अग्रिम भुक्तानी गर्नुपर्ने छ।

४. कुनैपनि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार चन्द्रकोट गाउँपालिकामा सुरक्षित रहनेछ।

५. प्रकाशित सूचना सम्बन्धी विस्तृत विवरणका लागि कार्यालयको टोल फ्रि नम्बरः १६६०७९५२३३३ वा मोबाईल नम्बर ९८५७०६०९६३ मा सम्पर्क गर्न सकिनेछ ।

६. कवाडी सामानहरु उठाउने विवरण देहाय बमोजिम हुनेछ ।

| ठेक्का नम्बर | ठेक्काको नाम | कवाडी उठाउन पाउने क्षेत्र | न्युनतम कबुल रकम रु. (भ्याट सहित) | राजश्व रकम रु | धरौटी रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| आय ०५/२०८०/०८१ | कवाडी सामान उठाउने | वडा नं. १ देखि ८ सम्म | २,००,०००/- | १,०००/- | १०,०००/- | |

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

**विष्णु प्रसाद भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**